कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

हार्दिक बधाई

२०६७ सालको प्रवेशीका परिक्षामा उर्तिण हुन सफल हुनु भएको सम्पूर्ण परि क्षार्थी तथा विद्यालयहरुलाई सफलताको कामना गर्दै हार्दिक बधाई

कीर्तिपुर सन्देश परिवार

वर्ष १ अंक १ | ने. सं. ११३१ तछलागा सप्तमी बुधवा: २०६८ असार ८ गते बुधवार (Jun- 22, 2011) | मुल्य : ५/- (न्यातका)

एसएलसीको नतिजा कीर्तिपुर क्षेत्रमा सन्तोषजनक

कीर्तिपुर सन्देश/गत सोमवार असार ६ गते परिक्षा नियन्त्रण कार्यालयवाट प्रकाशित गरेको २०६७ सालको एसएलसीको नतिजा गत वर्षको तुलनामा करिव ९ प्रतिशत कम पास भएका कारण शिक्षा क्षेत्रमा चर्चा चलिरहेको छ भने कीर्तिपुर क्षेत्रको सवालमा भने सन्तोषजनक नै रहेको अवस्था छ । देशभरीवाट ४ लाख ९६ हजार २ सय ४३ जना विद्यार्थी सहभागी भएको सो परिक्षाको नतिजा अनुसार नियमिततर्फ ५५ दशमलब ५ प्रतिशत मात्र पास भएका छन् । त्यसैगरी आंशिकतर्फ १७ दशमलब ३ प्रतिशत पास भएका छन् । यसपालि नियमिततर्फ २ लाख ३० हजार ४ सय १९ जना पास भएका छन भने ती मध्ये ३० हजार १ सय ११ जनाले विशिष्ट श्रेणी लिएका छन् । त्यस्तै गरी करिव ८२ हजारले प्रथम श्रेणी, करिव १ लाख ९ हजारले द्वितीय श्रेणी र करिव ८ हजार २ सय जना विद्यार्थीले तृतीय श्रेणीमा पास गरेका छन् ।

राष्ट्रिय स्तरमा एसएलसी पास प्रतिशत घटेको छ भने यस कीर्तिपुर क्षेत्रका सामुदायिक विद्यालय होस वा संस्थागत विद्यालयको नतिजा विगतको भन्दा गुणात्मक र संख्यात्मक रुपमै राम्रो भएका छन । सामुदायिक विद्यालयतर्फ मंगल उच्च मा.वि.ले गत साल प्रथम श्रेणीमा ४५ जना र दोस्रो श्रेणीमा ५ जना गरी शतप्रतिशत विद्यार्थी पास गराउन सफल भएको थियो भने यसपाली ४ जना विशिष्ट श्रेणी, ४२ जना प्रथम श्रेणी, १ जना दोस्रो श्रेणी र १ जनाको नतिजा स्थगित गरिएको छ । यदि त्यो स्थगित परिक्षार्थी पनि पास भएको खण्डमा मंगल उच्च मा.वि.ले आफ्नो उत्कृष्टता कायमै राख्ने छ ।

त्यस्तै जनसेवा उच्च मा.विले पनि यसपाली संख्यात्मक रुपमा कमि ल्याएपनि श्रेणीमा वृद्धि गरेको छ । गत वर्ष एक जना विद्यार्थी पनि विशिष्ट श्रेणीमा पास गर्न नसकेको विद्यालयले एकैचोटि ७ जनालाई विशिष्ट श्रेणीमा पास गराउन सक्नु ठूलो कुरा हो ।

आदिनाथले पहिलेदेखि नै विशिष्ट श्रेणीमा विद्यार्थी पास गराउन सफल हुँदै आएकोमा त्यो परंपरालाई यसपाली पनि निरंतरता दिएको छ । यस वर्ष एक जना विद्यार्थी भए पनि विशिष्ट श्रेणीमा पास गराएर कीर्तिपुर मा.वि.ले आफ्नो रिकर्ड राख्न सफल भएको छ । समग्रमा भन्ने हो भने यस वर्ष कीर्तिपुर क्षेत्रका सामुदायिक विद्यालयरूको नतिजा विगतको भन्दा राम्रो मान्नु पर्छ ।

त्यस्तै संस्थागत विद्यालय तर्फ पनि राम्रै मान्नुपर्छ । गत वर्ष कीर्तिपुर सेकेण्डरी स्कूलको विद्यार्थीले सबैभन्दा बढी अंक ल्याएको थियो भने यस वर्ष राराहिलका विद्यार्थी शिरीष महर्जनले ९२.५०प्रतिशत अंक ल्याई पहिलो भएको छ भने गत वर्ष पाँगा मा.वि.का विद्यार्थी दोस्रो भएको थियो भने यस वर्ष उज्ज्वल स्कूलका विद्यार्थी समित जंग खडकाले ९२.२५ प्रतिशत अंक ल्याई दोस्रो हुन सफल भएको छ।

राराहीलकी शिरीष महर्जन दक्षिण भेगीय सर्वोकृष्ट

२०६७ सालको प्रवेशिका परीक्षा (एस.एस.सी.) को आषाढ ६गते सोमवार प्रकाशित नतीजा अनुसार राराहिल स्कूलकी विद्यार्थी शिरीष महर्जन काठमाडौं दक्षिण भेगिय विद्यालयका विद्यार्थीहरूको प्राप्त प्राप्तांक अनुसार ९२.५० अंक ल्याई सर्वोत्कृष्ट नतीजा ल्याउन सफल भएकी छिन ।

बाबु राजभाइ महर्जन र आमा सुशीला महर्जनको कोखबाट वि.सं. २०५१/१२/१३ गते कीर्तिपुर नगरपालिका वडा नं.६ समल टोलमा जन्मनु भएकी शिरीषको पढाईको सूरुवाटनै राराहिल स्कूलबाट भएको थियो । सानै उमेरदेखि कक्षामा प्रथम भइ विद्यालयबाट निशुल्क छात्रवृति पाएकी शिरीष साह्रै जेहेन्दार र मेहेनती विद्यार्थीको रुपमा परिचित छिन ।

प्रकाशकीय

लगभग दुई वर्ष पहिले मेरै प्रकाशकत्वमा नेपालभाषाबाट 'ज्वजलपा' पत्रिका प्रकाशित भएको थियो । लगभग एकवर्ष संचालन भए पछि प्राविधिक कारणले सो पत्रिका वन्द गर्नुपऱ्यो र त्यसको वदला साथीहरूले ज्वजलपालाई निरन्तरता दिदै 'न्हूगु ज्वजलपा' प्रकाशित गर्नु भयो । साह्रै खुसि लाग्यो ।

कीर्तिपुरवाट नेपाली भाषाबाट पनि एउटा साप्ताहिक पत्रिका प्रकाशित गर्ने सोच थियो । त्यही सोच अनुरुप ज्वजलपाको ठाउँ 'न्हूगु ज्वजलपा' प्रकाशित भैरहेको छ । त्यसैलाई निरन्तरता दिन 'ज्वजलपा' प्रकाशित नगर्ने निर्णय गरें । धेरै दिन पहिलेदेखि कीर्तिपुरमा एउटा खोजपूर्ण पत्रिकाको अभाव महसुस हुँदै आएको थियो । त्यही अभावलाई परिपूर्ति गर्न अहिले 'कीर्तिपुर सन्देश' तपाईंहरूको सामु आएको छ । यस पत्रिकाको मूल उद्देश्य भनेको कीर्तिपुरलाई पर्यटकीय, धार्मिक, ऐतिहासिक, आर्थिक विभिन्न क्षेत्रबाट परिचित गराउनु हो । त्यसैले यसको हरेक अंकमा कीर्तिपुरलाई चिनाउने सामाग्री हुनेछ । समाजका विकृति विसंगति, भ्रष्टाचार, अनियमितताको भण्डाफोर गरी जनतालाई सुसूचित गर्नु पनि यस पत्रिकाको उद्देश्य रहनेछ । समग्रमा हामी कीर्तिपुरमा अलगधारबाट खोज मूलक पत्रकारिता सुरु गर्न गैरहेका छौं । यसमा तपाईहरूको सहयोग पाउने आशा गरेको छु।

प्रचण्ड पटक पटक किन पुगेन कीर्तिपुर ?

संविधानसभाको चुनावमा काठमाण्डौं जिल्लाको निर्वाचन क्षेत्र नं. १० बाट तत्कालिन नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अत्याधिक मतले विजय हुनु भएको थियो । उहाँ संविधानसभामा विजय हुनुको मूल कारण भनेको कीर्तिपुरवासीको अत्याधिक मतले भन्दापनि केहि फरक नपर्ला ।

तत्कालिन अवस्थामा भर्खर जनयुद्धको नेतृत्व गर्नु भएको साथै उहाँप्रति अत्यन्तै विश्वास गरेका थिए कीर्तिपुरवासीले । जहिले पनि अग्रगामी सोच राख्ने साथै इतिहासदेखि नै गणतन्त्रको पक्षमा रहेका कीर्तिपुरवासीले प्रचण्ड चुनावमा जितेपछि देश र जनताका साथ साथै कीर्तिपुरका लागि पनि केहि गर्नु हुने छ भन्ने विश्वास गरेका थिए । त्यति मात्रै नभई कीर्तिपुरको हरेक

समस्या समाधान गर्न र कीर्तिपुर वासीका लागी उहाँले केहि गर्नु हुनेछ भन्ने आशा थियो ।

तर पछिल्लो समयमा आएर कीर्तिपुरमा हुने जनस्तरको कार्यक्रममा भने संघीय गणतान्त्रिक नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री प्रचण्ड कम मात्र सहभागी हुनु भएको कारण कीर्तिपुरवासीले साँच्चै प्रचण्ड किन कीर्तिपुरमा उपस्थिति नहुनु भएको हो भनी प्रश्न उठाउनु पनि स्वाभाविक नै हो ।

हालै मात्र काठमाण्डौं दक्षिण पश्चिम क्षेत्रबाट पहिलो विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गर्नु भएका कीर्तिपुरवासी सन्त कुमार महर्जनलाई नागरिक स्तरवाट भव्य रूपमा सम्मान कार्यक्रमका लागि पनि प्रचण्ड नै प्रमुख अतिथिको रूपमा प्रचार गरेको थियो तर उहाँ अन्तिम समयमा आइनपुगेपछि कीर्तिपुर वासीले अप्ठ्यारो महसुस गरेका छन् ।

त्यति मात्रै हैन जनस्तरवाट संचालन गरेको जनपोलि क्लिनिक कीर्तिपुरको उद्घाटन समारोहमा पनि प्रचण्डलाई प्रमुख अतिथि हुने प्रचार प्रसार गरेतापनि सो समयमा पनि उपस्थिति हुनु भएन । त्यति मात्रै हैन स्वयं एकीकृत नेकपा (माओवादी)को स्थानीय स्तरवाट केहि समय अगाडि आयोजना गरेको बनभोज कार्यक्रममा पनि प्रचण्ड उपस्थिति भएन ।

कीर्तिपुरवासीले पटक पटक प्रचण्ड आउने भनिएको कार्यक्रममा सहभागी भएतापति उहाँ उपस्थिति नहुनुको कारण के साच्चै कार्यव्यस्तता मात्रै होला र भनी प्रश्न उठाउन स्वाभाविक नै हो। पटक पटक कीर्तिपुरवासीको ठूला ठूला जनस्तरको कार्यक्रममा प्रचण्डलाई प्रमुख अतिथिको रूपमा बोलाउनु र ती कार्यक्रममा उपस्थिति नहुनुलाई कसरी लिने हो । यसको जवाफ माओवादी पार्टीले नै दिनुपर्ने अवस्था आएको छ।

सन्देश चित्र

संसद्मा ब्राम्हणवादको चलखेल पेज २

हकरदेखि सभासद् सम्म: दिलिप महर्जन पेज ३

एसएलसीको नतिजामा कीर्तिपुरका स्कूलहरुको अवस्था पेज ४ र ५

सन्त कुमारलाई नागरिक अभिनन्दन पेज ६

प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
व्यवस्थापन
निरजमान सिंह, भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
थाकू
शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
ज्याकू:
निखासी त्वा: किपू नपा-३
फोन ल्या: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com

;Dkfbslo

हाम्रो प्रतिबद्धता

इतिहासदेखि वर्तमान सम्म पति राजनीतिक परिवर्तनका लागि चर्चाया आइरहेको ऐतिहासिक नगर कीर्तिपुरमा विभिन्न छापा संचारमाध्यमहरू संचालन भईरहेको अवस्थामा हामी 'कीर्तिपुर सन्देश' साप्ताहिक पृथक रूप लिएर आएका छौं । अहिलेको वर्तमान राजनीतिक संक्रमणकालिन अवस्था रहेको छ । यो अवस्था समावेशी संघीय गणतान्त्रिक नेपालको रूपमा रूपान्तर गर्न सम्पूर्ण नेपालीको कर्तव्य हो । यहि कर्तव्य निर्वाह गर्न हामीले यस पत्रिका प्रकाशन गरेका छौं । समावेशी नेपालमा नेपालका आदिवासी, जनजाति, दलित, मधेसी लगायत राज्य द्वारा बहिस्करणमा पारिएका समुदायको हक अधिकार सुनिश्चित गर्नु पर्दछ ।

नयाँ बन्ने संविधानमा यदि यी समुदायको हक अधिकार सुनिश्चित गर्न नसके फेरी पनि देश द्वन्द्वमा जाने कुरामा कसैको पनि दुई मत छैन होला । यहि भावनालाई न्यवहारमा ल्याउन र इतिहासदेखि बर्तमान सम्म पनि राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेतापनि जहिले पनि अधिकार वाट बञ्चित कीर्तिपुरवासीको आवाज संचार माध्यमको तर्फवाट जनमानस तथा सरोकारवाला सम्म पुऱ्याउन हामीले यस पत्रिका प्रकाशन गरेका छौं । अहिलेको अवस्थामा कीर्तिपुरमा काठमाण्डौं उपत्यकाका आदिवासी नेवार समुदायको बाहुल्यता रहेतापति अन्य जाती, समुदाय र भाषा भाषीको पनि धरै मात्रामा बसोबास भईसकेको अवस्थामा नेवार समुदाय र अन्य समुदायको वीचमा कीर्तिपुरको सवालमा जोड्ने पुलको रूपमा यस पत्रिकालाई प्रस्तूत गर्न हामी अगाडी बढ्ने छौं । यो अभियानमा हामी सम्पुर्ण कीर्तिपुरवासी तथा अन्य क्षेत्रवाट आई बसोवास गर्दै आएका समुदायले आ–आफ्नो स्थानबाट सक्दो सहयोग गर्नु हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । यस पत्रिकाको माध्यमवाट कीर्तिपुरवासी र कीर्तिपुरमा हाल बस्दै आएका अन्य समुदाय वीच निरन्तर रूपमा पुलको भूमिका खेल्ने हाम्रो प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।

श्रीकृष्ण महर्जन

संसद्मा ब्राम्हणवादको चलखेल

यसै गरी मुलुक अगाडी बढ्ने हो भने संविधान निर्माणका सवालमा पनि दलहरुमा भएको ब्राम्हणवादी शक्ति हावी हुदै आउने संभावनालाई सरोकारवालाहरुले ध्यान दिनुपर्ने अवस्था आएको छ ।

मन्थन
सुन्दर आभूषण

२०६२/६३ सालको जनक्रान्तिको भावना अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रक नेपालको नयाँ संविधान निर्माणका लागी नेपाली जनताको मतवाट संविधानसभामा पुगेका नेताहरुले समयमै संविधान निर्माण गर्न नसकेको वर्तमान अवस्थामा आम जनताले नेपालका नेता तथा जनप्रतिनिधिहरुप्रति झन झन अविश्वास व्यक्त गर्दै आएको कुरा स्वयं सांसदहरुले सार्वजनिक रुपमा नं स्वीकार गर्दै आएको कुरा हो ।

संविधानसभाको चुनावको समयमा जनताको हक अधिकारका लागी लामो लामो भषण दिने नेताहरु अहिले आएर संविधान निर्माणलाई बेवास्ता गर्दै सत्ता स्वार्थमा लागेका कारण जनता नेताहरुदेखि झन झन निराश हुनु पनि स्वाभाविक नै हो ।

त्यसो भन्दैमा अहिले के जनताले दलहरुको विकल्प नेपाली जनताले खोज्न थालेको छ भन्न खोजेको पक्कै पनि हैन । जनता सांसददेखि निराश भएको भने पक्कै पनि हो भन्दा केहि फरक नपर्ला । यस्तो हुनुको कारण भनेको नेताहरु नै हो । नेताहरुले जनताको अगाडी प्रतिबद्धता जनाएका विषयलाई बेवास्ता गर्दे सत्ताको स्वार्थमा लागेको कारणले निराश भएकै हो ।

यसैवीच गत हप्ता मात्रै संसदया जुन किसिमको घटना हुन पुग्यो सो घटनाका कारण नेपालका आदिवासी, दलित, मधेसी, मुस्लिम र राज्य द्वारा बहिस्करणमा पारिएका समुदायका जनताहरु चिन्तित हुनु स्वाभाविक नै हो । नेपालको संसदीय इतिहासमा पटक पटक झगडा भएको मात्र नभै महिनौं दिन सम्म पनि अबरुद्ध भएको सम्पूर्ण नेपालीलाई थाहा नभएको कुरा हैन ।

विशेष गरि राजनीतिप्रति चासो राख्नेहरुले पछिल्लो पटक संसद्मा भएको घटनाले अब संसद् कुन दिशातर्फ उन्मुख हुदै गएको छ भन्ने कुरा स्पष्ट रुपमा नै बुझ्न सक्ने कुरा हो । केहि दिन अधि मात्र संसदमा अबरुद्ध पारेको निहुँमा आदिवासी, जनजाति, दलित र मुस्लिम समुदायको तर्फवाट प्रतिनिधित्व गर्ने ४ सभासद्लाई एक हप्ताका लागि निलम्बन समेत गरेको घट्नाबाट स्पष्ट भएको छ कि अब संसद् साँच्चै कतातिर जान खोजेको छ भनेर प्रश्न उठ्नु पनि अस्वाभाविक मान्न सक्ने अवस्था छैन ।

संसदया बजेट प्रस्तूत गर्नका लागी अर्थ मन्त्रीले ब्रिफकेस लिएर रास्टममा जान खोज्दा ब्रिफकेस नै तोडफोड हुनु मात्रै नभई हात हालाहाल समेत भएको घटनालाई लिएर सांसद्हरुलाई निलम्बन गर्न नसक्ने व्यवस्थापिका संसद्का सभामुख सुवासचन्द्र नेम्वाङले चार सभासद्लाई एक हप्ताका लागि निलम्बन गर्नु कुनै आकस्मिक घटनाको रुपमा लियो भने अन्याय हुने छ ।

संसद्मा प्रतिनिधित्व गर्ने दलित जनजाति पार्टीका विश्वेन्द्र पासवान, नेपा: राष्ट्रिय पार्टीका बुद्धरत्न मानन्धर , संघीय लोकतान्त्रिक मञ्चकी रुक्मणी चौधरी र स्वतन्त्र सांसद सरुदुलमियाँ हकले राज्यका सम्पूर्ण निकायमा जातीय समानुपाति प्रतिनिधित्वको सुनिश्चितताका लागि समावेशी विधेयक ल्याउनु पर्ने माग गर्दै संसद अबरुद्ध गरेको समयमा नै निलम्वीत हुन पुगेका हुन ति सभासद्हरु ।

ती चार सभासद्हरुलाई निलम्वन गरेको दिनमा संसदमा खासै कुनै निर्णय गरेको छैन । बरु एक जनजाति नेता सभामुख नेम्वाङले नै आदिवासी जनजाति, दलित, मुस्लिम, मधेशी समुदायका सांसद्हरुलाई निलम्वन गर्नु भयो । आफु पनि जनजातिको हक अधिकारकालागी सक्दो सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउने नेम्वाङले सांसद्हरुलाई कारवाही गर्नुको पछाडी ठूलो शक्ति रहेको सहजै अनुमान गर्न सकिन्छ ।

त्यो शक्ति भनेको कुनै एउटा राजनीतिक पार्टी भन्दा पनि ठूला पार्टीहरुमा भएको ब्रम्हाणवादी शक्ति नै हो भनेर बुझ्नुपर्ने अवस्था छ । यसै गरी मुलुक अगाडी बढ्ने हो भने संविधान निर्माणका सवालमा पनि दलहरुमा भएको ब्राम्हणवादी शक्ति हावी हुदै आउने संभावनालाई सरोकार वालाहरुले ध्यान दिनुपर्ने अवस्था आएको छ ।

आ–आफ्नै पार्टीबाट खतरामा परेका तीन शीर्ष नेता

संविधानसभाया प्रतिनिधित्व गर्ने प्रमुख तीन दल एकीकृत नेकपा (माओवादी), नेपाली कांग्रेस र नेकपा (एमाले) वीच अहिलेको अवस्था जुन किसिमको राजनीतिक गतिरोध अन्त्य गर्नका लागी एकमत हुन नसकिरहेको वर्तमान अवस्थाको निर्णायक शक्तिको रुपमा स्थापित नेपालका ती तीन दलका तीन शीर्ष नेताहरु नै हुन ।

एकीकृत माओवादीका अध्याक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति सुशील कोइराला र एमालेका अध्यक्ष झलनाथ खनाल अहिलेको अवस्थामा त्रिमूर्तिको रुपमा अगाडी बढिरहेका ती नेताहरुले नेतृत्व गर्दै आइरहेका नेताहरु बाहिरी रुपमा एकटा पार्टीबाट अर्को पार्टीलाई खतरा रहेको जस्तो देखिएतापनि बास्तममा सबै भन्दा बढि आ आफ्नै पार्टीको तर्फबाट खतरा रहेको अवस्था छ ।

एउटा पार्टीको प्रस्ताव अर्को पार्टीले अस्वीकार गर्ने र आ आफ्नो अस्तित्वका लागी झगडा गरिरहेको जस्तो देखिएतापनि अन्तिम अवस्थामा भने एकै ठाउँमा आउने गरेका ती पार्टीका

नेताहरुलाई बहिरवाट भन्द पनि आ–आफ्नै पार्टीको तर्फवाट खतरा रहेको ती नेताहरुले समय समयमा अभिव्यक्ति दिदै आएको सर्वविदित छ ।

माओवादीका अध्यक्ष प्रचण्डलाई माओवादीकै उपाध्यक्ष द्वय मोहन बैद्य किरण र डा. बाबुराम भट्टराईको पक्षबाट खतरा रहेको छ । बैद्य लाईन र भट्टराई लाइनको संघर्षले समय समयमा अप्ठ्यारो परेको स्वयं प्रचण्डले स्वीकार गर्दै आफुलाई पार्टीभित्रबाटै घेराबन्दीमा पारेको कुरा सार्वजनिक रुपमै बोल्नु भएको संचार माध्यममा समय समयमा आइहेकै कुरा हो ।

त्यसै गरी नेपाली कांग्रेसका सभापति सुशील कोइरालालाई आफ्नै पार्टीका बरिष्ठ नेता शेरबहादुर दउवा पक्षधरले दबाव दिने गर्दै आएको कुरा स्वयं कोइरालाले स्वीकर गरेका छन् । उता एमालेका अध्यक्ष झलनाथ खनाललाई सबैभन्द बढि पार्टीका बरिष्ठ नेताहरु माधवकुमार नेपाल र केपी शर्मा ओलीको पक्षधरवाट ब्यापक रुपमा दबाव दिदै आइरहेको अवस्था छ ।

एक हिसावले हेर्ने हो भने ती तीनै जना नेताहरुलाई पार्टीकै अन्य नेताहरुले दबाव दिदै आएको र खतरा रहेको अवस्था छ भने पार्टी भित्रका ती गुटहरुलाई नै प्रयोग गर्दै छिमेकी राष्ट्रहरुले चलखेल गर्दै आइरहेको स्पष्ट हुन आउछ ।

अत: संविधासभाका तीन ठूला दलका नेताहरु विच स्वार्थगट गुटबन्दीका कारणले नै नेपालको राजनीतिमा बैदेशिक हस्तक्षेपलाई आमन्त्रण गरेको छ भन्दा के फरक पर्ला हैन र ?

– कृष्ण महर्जन

हकरदेखि सभासद् सम्मः दिलिप

नेपालभाषाको विकासको लागि 'नसना' साप्ताहिक पत्रिकाको हकर भएर पनि काम गर्नुभयो । महर्जनले २०५४ सालतिर सो साप्ताहिक पत्रिकाको हकर बनेर काम गर्नु भएको थियो ।

वि.सं.२०१३ सालमा तत्कालिन विष्णुदेवी गाविस पाँगाको पाहुलीमा (हाल कीर्तिपुर नगर पालिका वडा नं. ९) एउटा सामान्य किसान परिवारमा बुवा दिल सिंह महर्जन र आमा लानः महर्जनको कोखबाट जेठा छोराको रूपमा जन्मनु भएको थियो। उहाँको दुई जना भाइहरू र एउटी बहिनी छन। बालक कालदेखिनै जुझारु संघर्षशील व्यक्तित्व दिलीप महर्जनको बाल्यकाल पनि संघर्षमै बित्यो। घरको आर्थिक अवस्था कमजोर भएका कारण उहाँले पाँगाको जनसेवा स्कूलमा कक्षा आठसम्म मात्र अध्ययन गर्नुभयो।

बेलायती नाटककार सेक्सपियरले विद्यालयमा पाइला टेक्नु भएको थिएन । उहाँसँग कुनै विद्यालय वा विश्वविद्यालयको सर्टिफिकेट थिएन । तर सेक्सपियरले लेख्नु भएको नाटक मास्टर डिग्री पढ्नेहरूले अध्ययन गर्नुपर्छ ।

त्यसैगरी विद्यालयको पढाईभन्दा पनि कीर्तिपुर पाँगाका दिलिप महर्जनले जीवनको संघर्ष र भोगाईबाट ठूलो शिक्षा हासिल गर्नुभयो। विद्यालय, क्याम्पसको कागजको सर्टिफिकेटभन्दा वास्तविक जीवनको सर्टिफिकेट महर्जनले हासिल गर्नु भएको छ। कुनै पनि काम सानो ठूलो हुँदैन । जस्तोसुकै काम पनि अंगीकार गर्नुपर्छ भन्न मान्यता राख्नु हुने उहाँले परिआएको बेला खेतमा कोदालो चलाउनु भयो। सिकर्मी काम गरेर पनि जीवन यापन गर्नुभयो। उहाँले वि.सं. २०३५ सालतिर तत्कालिन कम्यूनिस्ट पार्टी चौथो महाधिवेशनको सदस्यता ग्रहण गर्नु भै औपचारिक रूपमा कम्यूनिस्ट आन्दोलनमा होमिनु भयो । पाँगाका युवाहरूलाई संगठित गर्न उहाँले वि.सं.२०३६ सालमा प्रगतिशील युवा क्लव र प्रगतिशील पुस्तकालय स्थापना गर्नुभयो।

२०३८ सालमा तत्कालिन राष्ट्रिय पंचायतको चुनाव बहिस्कार गर्ने क्रममा प्रहरी दमन भएपछि आफु बाध्य भएर केहि दिनका लागी भूमिगत हुनु परेको उहाँले जानकारी दिनु भएको छ ।

राजनीति गर्ने क्रममा २०४७ सालमा भएको स्थानिय निर्वाचनमा तत्कालिन वीष्णुदेवी गा.वि.स.को अध्यक्षमा निर्वाचित हुनुभएको थियो । सो क्रममा अध्यक्ष महर्जनले पाँगाको विकास निर्माणमा महत्वपूर्ण योगदान समेत गर्नु भएको थियो।

उहाँले नेपालभाषाको विकासको लागि 'नसना' साप्ताहिक पत्रिकाको हकर भएर पनि काम गर्नुभयो । महर्जनले २०५४ सालतिर सो साप्ताहिक पत्रिकाको हकर बनेर काम गर्नु भएको थियो ।

तत्कालिन अवस्थामा चौ.म., मशाल र एकता केन्द्र एकीकृत भै नेकपा (माओवादी) गठन भए पश्चात उहाँ पनि माओवादीमा लाग्नुभयो। नेकपा (माओवादी)ले दीर्घकालिन जनयुद्ध शुरु गरेपछि उहाँ ०५७ सालमा भूमिगत हुनुभयो । भूमिगतकै क्रममा भारतको विहार राज्यको पटनामा पार्टीको भूमिगत वैठकमा भाग लिन जाँदा भारतीय प्रहरीले गिरफ्तार गरी २६ महिना तत्कालिन पोलितब्यूरो सदस्य कूल बहादुर के.सी.सँगै विहार जेलमा बिताउनु भयो। ०६२/०६३ सालको दोश्रो जन आन्दोलन सफल भएपछि उहाँ जेलमुक्त हुनु भै स्वदेश फर्कनु भयो। २०६४ को संविधान सभाको चुनावमा उहाँ एनेकपा (माओवादी)को समानुपातिक सभासद वन्नुभयो । हाल उहाँ संवैधानिक समितिको क्षमता अभिवृद्धि समिति र संसदसभाको प्राकृतिक श्रोत साधन समितिमा बसेर काम गरिरहनु भएको छ।

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

प्वाः	पेट	Abdomen
लप्पा	पाखुरा	Ankle
जनफा	ढाड	Arm
दाःही	दाःही	Bread
हि	रगत	Blood
म्ह	शरीर	Body
क्वूय्	हाड	Bone
दुरुपा	दूध	Breast
नुगःपा	छाती	Chest
न्यताः	गाला	Chicks
मनःचा	चिउडो	Chin
न्हाय्पं	कान	Ear
मिखा	आखा	Eye
ख्वाःपाः	अनुहार	Face
पतिं	औंला	Finger
पालि	खुट्टा	Foot
कपाः	निधार	Forehead
सू	रौं	Hair
छ्यू	टाउको	Head
नुगः	मुटु	Heart
पुलि	घुडा	Knee
तुति	खुट्टा	Leg
म्हुतुसि	ओठ	Lip
म्हुतु	मुख	Mouth
तेप्चा	नाइटो	Navel
लुसि	नङ्ग	Nail
गःपः	घाटी	Neck
हिनू	नसा	Nerve
न्हाय्	नाक	Nose
ब्वहः	काध	Shoulder
छ्यंगू	छाला	Skin
न्हिप्यं/छुप्यं	पुच्छर	Tail

जेल डायरी — नजरराम महर्जन

म प्रहरी खोरमा पुगेको पहिलो दिन

२०६७/०६/०७ विहिवार

२०६७ साल असोज ७ गते विहिवार समयबजि पुर्णिमा मेरो जिन्दगीको पहिलो अविस्मरणीय दिन। यो दिनको घटना मेरो जीवन कहानीमा स्वर्णिम अक्षरले लेख्छ कि कालो मसिले कालो दिनको रूपमा लेख्छ त्यो भविष्यले बताउने छ।

२०६७ असोज ७ गते विहिवारको दिन विहान चिया पिउदै कम्प्यूटरमा साथीहरूलाई इमेल गरिर हेको थिए। विमला एउटा ब्याग्ग लिएर आइन। उनी मेरो नजिक आएर सोधिन, "बा, अहिले तपाईलाई कस्तो छ ?"

"राम्रो भैरहेको छ । अब एक दुई दिनमा निको हुन्छ। बिहानैदेखि कहा गएर आएको ?"

"अंगीताले उनको कपडासूगै हाम्रो तन्ना पनि ल्याएको रहेछ । त्यही तन्ना लिएर आएको । ल हेर्नुस ।" भनेर तन्ना झिकेर देखाइन ।

"हिजो कति चामल किन्यौं ?""दुई किलोमात्र किनें। किलोको पैंतालिस रुपैया लियो। बा मलाई दश रुपैयाू दिनुस ।""ल दस रुपैयाू होइन यो सय रुपैयाू नै लिनु । तिमीले हिजो ज्वजलपा पत्रिका बेचेको ज्याला ।" भनेर मैले उनलाई एकसयको एउटा नोट दिए।

"थैंक यू डायड । भनेर हात हल्लाउदै उनी गइन। आज मौसम पनि राम्रो छैन। आकाश कालो वादलले ढाकिएको छ। पानी पर्ला जस्तो पनि छ। जेसुकै होस । आफू त बाहिर जान सक्ने होइन। किनकी अस्ति आइतवार साझ आफ्नै घर अगाडि मेरो बायाू खुट्टा मर्केको थियो। त्यसैले म घरमा बस्न बाध्य भएको छु । विहानको खाना खाएर सुतें। दिनको एक बजे मेरो निन्द्रा खुल्यो। वैठक कोठामा म सुतेको थिए। कोठामा म एक्लै छु । भान्सा कोठामा गए। श्रीमती समयबजि तयार पार्दैछिन। आज समयबजि पूर्णिमा । घर घरबाट समयबजि लगेर आज बाहिर बाड्नु पर्छ। म वैठक कोठामा आए। म घरबाट बाहिर जान सक्दिन । यस्तो अवस्थामा बच्चाहरू आइदिए कति रमाइलो हुन्थ्यो । म घरमा नहुदा भने कति बच्चाहरू आएको भनेर श्रीमतीले भन्थिइन । म एक्लै टी.भी. हेरिरहें।

"टन्न, टन्न मेरो मोबाईल बज्यो । कसको फोन होला भनेर नम्बर हेरेको त कीर्तिपुर थानाको रहेछ ।

"हैलो" मैले फोन उठाएर भनें।

"दाइ हो ?" उताबाट प्रहरी निरिक्षक विनोद खरेलको आवाज आयो।

"हो, किन फोन गर्नु भयो ?"

"तपाईको संस्थाको बारेमा केही बुझ्नु छ भनेर यहा दुईतीनजना सरहरू आउनु भएको छ। तपाई एकचोटी यहा आउनुस ।""मेरो खुट्टा मर्केको छ। म हिंडडुल गर्न सक्दिन । त्यसैले म आउदिन ।"

"एकछिन त हो नि । तपाईलाई लिन म गाडी पठाईदिन्छु।""मैले खाजा खाएको छैन। खाजा खाएर आउला ।"

मैले घडि हेरें। तीन वजिसकेछ। श्रीमतीलाई खाजा खान ल्याउ भनें। मुंगको बारा, छ्वय्ला र कुखुराको मासु र चिउरा एउटा थालमा राखेर ल्याइन । खाजा खादै मैले सोचें। हाम्रो संस्थाको बारेमा के सोध्ने होला ? केही सहयोग गर्नेहरू आएको होला। मेरो यस्तो अवस्थामा पनि अहिल्यै आउनु भनेर अनुरोध गर्दैछ। विनोद खरेलसूग मेरो राम्रो सम्बन्ध छ ।

"दाइ, हामी आइसकें। यहा चोकमा बसिर हेको छु। छिटो आउनुहोला।" स.ई.ले फोन गऱ्यो ।

खाजा अलिकति बाकि थियो। भान्सामा र ख्दै श्रीमतीलाई भनें, "ल म एकछिन बाहिर गएर आउछु। फर्केर आएर खाउला ।"

"यस्तो खुट्टा दुखेको बेलामा पनि किन जानुपऱ्यो ? भेट्नु परे घरमै आउनु भनन।" श्रीमतीले आफ्नै ढंगले भनिन्।

"संस्थाको बारेमा बुझ्न केही मानिसहरू कीर्तिपुर थानामा आएका छन। मलाई लिन गाडी पठाईसकेको छ।" यति भनि लट्ठि टेक्दै म बाहिर गए। बाहिर गाडी देखिन । त्यहीबेला भतिजा हरि भक्त भेटें । उसको बाईकमा बसेर जान लाग्दा नीलकण्ठको घर अगाडि प्रहरी गाडी रोकीराखेको देखें। हरिभक्तलाई भइगो जाउ भनेर पठाए। म प्रहरीको गाडीमा बसेर थानामा गए।

"यस्तो खुट्टा दुःखेको बेलामा पनि गाडी पठाएर बोलाउनु भयो। त्यस्तो के काम आइपऱ्यो ?" मैले ईन्स्पेक्टरसूग सोधें।

क्रमशः

दक्षिण भेगिय स्कूलहरुको समिक्षात्मक विश्लेषण

उज्ज्वल स्कूलले गत वर्ष ३७ जना विद्यार्थीमा १७ जना विशिष्ट र २० जना प्रथम श्रेणीमा पास गराउन सफल भएको थियो भने यस वर्ष ४७ जना विद्यार्थीमा विशिष्ट श्रेणीमा २२ जना र प्रथम श्रेणीमा २५ जना पास गराउन सफल भएको छ। जसमा समित जंग खडकाले ९२.२५ प्रतिशत अंक ल्याइ दक्षिण भेगिय दोस्रो हुन सफल भएको छ।

पुष्प सदन स्कूलले आफ्नो रिकर्ड परम्परागत रुपमै राख्न सफ हुनु भएको छ। ११४ जना विद्यार्थीले परिक्षा दिएकोमा ५८ जना विशिष्ट श्रेणीमा र ५६ जना प्रथम श्रेणीमा पास गराउन सफल भएको छ।

क्रियटिभ एकेडेमीले पनि यस बर्ष विगतको भन्दा राम्रो नतिजा ल्याउन सफल भएको छ। गत वर्ष २६ जनाले परिक्षा दिएको मा १४ जना विशिष्ट श्रेणी र १२ जना प्रथम श्रेणीमा पास भएको थियो भने यस वर्ष १८ जनामा १७ जनाले विशिष्ट श्रेणी र १ जनामात्र प्रथम श्रेणीमा पास भएको छ ।

राराहिलले गत वर्ष ९७.३७ प्रतिशत मात्र विद्यार्थी पास गराउन सकेकोमा यस वर्ष ५१ जनामा दक्षिण भेगिय विद्यालयमा सर्वोत्कृष्ट अंक ल्याउन सफल हुनुका साथै विशिष्टमा २३ जना, प्रथम २५ जना र दोस्रो श्रेणीमा ३ जना सहित शत प्रतिशत विद्यार्थी पास गराउन सफल भएको छ ।

पाँगा मा.वि.ले गत वर्ष ५३ जना विद्यार्थीमा १४ जना विशिष्ट, ३७ जना प्रथम श्रेणी र २ जना दोश्रो श्रेणीमा पास गराउन सफल भएको थियो । यस वर्ष ५७ जनाले परिक्षा दिएकोमा १३ जना विशिष्ट, ४३ जना प्रथम श्रेणी र १ जनामात्र दोश्रो श्रेणीमा पास गराइ शत प्रतिशत विद्यार्थी पास गराउन सफल भएको छ।

बाघ भैरव बोर्डिंग स्कूलले गत वर्ष ९२.३८ प्रतिशत मात्र विद्यार्थी पास गराउन सफल भएकोमा यस वर्ष ३ जना विशिष्ट र १८ जना प्रथम श्रेणीमा पास गराइ शतप्रतिशत विद्यार्थी पास गराउन सफल भएको छ।

हिलटाउन स्कूलले पनि गत वर्ष भन्दा यस वर्ष राम्रो नतिजा ल्याउन सफल भएको छ। गत वर्ष ५६ जनाले परिक्षा दिएकोमा ६ जनाले मात्र विशिष्ट श्रेणी ४४ जनाले प्रथम र ६ जना दोस्रो श्रेणीमा पास भएकोमा यस वर्ष ५७ जनामा २३ जना विशिष्ट श्रेणी र ३३ जना प्रथम श्रेणी र १ जना मात्र दोस्रो श्रेणीमा पास गराइै शतप्रतिशत विद्यार्थी पास गराउन सफल भएको छ।

मेगस स्कूलले पनि आफ्नो शैक्षिकस्तरलाई राम्रै कायम गरेको देखिन्छ । गत वर्ष १४ जनाले एस.एल.सी. दिएकोमा ५ जना विशिष्ट, ९ जना प्रथम श्रेणीमा पास भएका थिए भने यस वर्ष १६ जनामा ७ जना विशिष्ट र ९ जना प्रथम श्रेणीमा पास गराइ शत प्रतिशत पास गराउन सफल भएको छ ।

टौदहको शुभकामना एकेडेमीले पनि आफ्नो शैक्षिकस्तरलाई कायमै राखी गत वर्षको भन्दा अझ र राम्रो नतिजा ल्याउन सफल भएको छ। गत वर्ष ९ जनामा ५ जना विशिष्ट र ४ जना प्रथम श्रेणीमा पास भएको थियो भने यस वर्ष १८ जनामा १३ जना विशिष्ट र ५ जना प्रथम श्रेणीमा पास गराउन सफल भएको छ । यी विद्यार्थीहरू शुभकामना एकेडेमीका आफ्नै उत्पादन हुन । नर्सरीदेखि निरंतर रुपमा पढ्दै आएका विद्यार्थीहरू हुन भन्ने एकेडेमीले जानकारी दिएको छ।

कीर्ति सेकेण्डरी स्कूलले गत वर्ष १३ जना विद्यार्थीहरूले परिक्षा दिएकोमा दक्षिण भेगिय प्रथम सहित ४ जना विशिष्ट र ९ जना प्रथम श्रेणीमा पास गराउन सफल भएको थियो भने यस वर्ष १८ जनाले परिक्षा दिएको मा १८ जनानै प्रथम श्रेणीमा पास गराउन सफल भएको छ ।

साउथभ्याली स्कूलले गत वर्ष ४२ जनामा ७ जना विशिष्ट श्रेणी, २८ जना प्रथम श्रेणी, ७ जना दोस्रो श्रेणीमा पास गराउन सफल भएकोमा यस वर्ष ३५ जनामा १४ जना विशिष्ट श्रेणी, २० जना प्रथम श्रेणी र १ जना दोस्रो श्रेणीमा पास भएको छ। जसमध्ये कंचना खडकाले ९१.२५ प्रतिशत अंक ल्याउन सफल भएको छ ।

माथि उल्लेखित नतिजा मंगलवार प्रत्येक विद्यालयमा गएर सम्बन्धित विद्यालयका प्रिन्सिपलहरू सँग सम्पर्क राखी तयार पारेको हो। त्यसपछि कुनै थपघट भए यस पत्रिकालाई जानकारी दिनु हुन अनुरोध छ ।

राराहिल स्कूलकी शिरीष महर्जनले प्राप्त गरेको अंक तालिका :

१. अंग्रेजी :	९७
२.नेपाली :	८१
३.गणित :	९९
४. विज्ञान :	९८
५. सामाजिक :	८६
६. एच पी.ई. :	९५
७.ओपीटी गणित :	९७
८. लेखा :	८७
कूल प्राप्तांक	७४० ..९२.५०

उज्ज्वलका समित जंग खडकाले प्राप्त गरेका अंक तालिका :

१.अंग्रेजी :	९६
२.नेपाली :	८३
३.गणित :	९९
४.विज्ञान :	९६
५.सामाजिक :	८३
६.एचपीई :	८८
७.ओपीटी गणित:	९८
८.कम्प्यूटर विज्ञान:	९५
कूल प्राप्तांक :	७३८.... ९२.२५

कीर्तिपुर बहुउद्देश्यीय सहकारी पसलको उद्घाटन

सामान्यतया: सहकारी भन्ने वित्तिक्कै निक्षेप संकलन गर्ने र बढी ब्याजमा ऋण दिएर नाफा कमाउने ठानिन्छ। सामान्य मानिसको यो विचारलाई हाँक दिएर कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्थाले फरक ढंगले काम गर्दै आइरहेका छन । कीर्तिपुरे जनतालाई यातायातमा सुविधा होस भनेर बसको व्यवस्था गर्नु भएको छ भने कीर्तिपुर भेगका विद्यार्थीहरूलाई शिक्षामा प्रोत्साहन दिन विभिन्न शैक्षिक पुरस्कारको व्यवस्था पनि गर्नु भएको छ। एक वर्ष पहिलेदेखि सुपथ मूल्यको पसल संचालन गर्दै आएकोमा कीर्तिपुरे जनतालाई अझ सुविधा प्रदान गर्ने उद्देश्यले ठूलो स्केलमा डेपार्टमेन्टल स्टोरको श्री गणेश गरेको छ ।

गएको आषाढ १ गते "हाम्रो कीर्तिपुर हाम्रो सहकारी" नारा बोकेर आएको डेपार्टमेण्टल स्टोरको कीर्तिपुर बहुउद्देशियका जेष्ठ सदस्यहरू मन नारायण श्रेष्ठ र पदम बहादुर महर्जनले रिवन काटी उद्घाटन गर्नुभयो ।

प्रत्येक बुधबार प्रकाशित हुने नेपालीभाषाको पत्रिका कीर्तिपुर सन्देश पढ्नुहोस्/ पढाउँनुहोस् ।

बातावरण संरक्षण संघर्ष समितिको पत्रकार सम्मेलन

कीर्तिपुर सन्देश /कीर्तिपुर नगरपालिका वडा नं १४ चोभार स्थित हिमाल सिमेन्ट कारखानाले त्यस क्षेत्रको वातावरणलाई दुषित पारी जनजीवनको स्वास्थ्यमा असर पारे पछि उक्त कारखानालाई वन्द गराउन गठित वातावरण संरक्षण समिति चोभारले असार ८ गते पत्रकार सम्मेलन गरेको छ ।

उक्त पत्रकार सम्मेलनमा २०५६ सालमा सरकारसँग ५ बुँदे सहमति भएको थियो। उक्त सहमति अन्तर्गतनै २०५८ सालमा सिमेन्ट कारखाना बन्द भएको थियो ।

हाल आएर उक्त कारखानाको भौतिक तथा अचल सम्पत्तिको दुरुपयोग गर्न थालेको छ। त्यसैले उक्त कारखानाको अचल सम्पति बारे कुनै पनि निर्णय गर्दा स्थानीयवासीसँग सल्लाह र स्थानियवासीलाई अग्राधिकार दिनु पर्ने मांग गरेका छन । अन्यथा संघर्षको बाटो अवलम्वन गर्नु पर्ने जानकारी दिनु भएको छ ।

कुनै पनि योजनाको लागि दिइएको जग्गा जमिन उक्त योजना तथा कारखाना बन्द भइ सकेपछि स्थानीय जनतालाई नै फिर्ता दिनु पर्ने कानूनी प्रावधान रहे पनि स्थानीय जनतालाई जग्गा फिर्ता नदिई र कुनै जानकारी विना अन्य प्रयोनको लागि दिन लागेको आशंकामा स्थानीय वासीले पत्रकार सम्मेलन गरी खवदारी गरीएको हो। स्थानीय वासीलाई बेवास्ता गरी अन्य प्रयोजनको लागि प्रयोग गरेमा त्यसबाट सृजना हुने स्थितिको लागि सम्बन्धित निकाय जिम्मेवार हुने जानकारी पनि दिइयो ।

धन महर्जन हामी बीच रहेन

कीर्तिपुर सन्देश/ बालकदेखि बृद्धसम्म सबैसँग उतिक्कै मिलनसार व्यवहार गर्नुहुने पाँगाका धन बहादुर महर्जन हामी बिच रहेन । विगत पाँच वर्षदेखि घाँटीको क्यान्सरबाट पिडित उहाँ दिल्लीमा औषधोपचार गरी सञ्चो भइसकेको थियो । तैपनि बारंबार दिल्ली गैरहनु हुन्थ्यो । करीव पन्द्रह दिन पहिले फेरि दिल्ली जानको लागि टिकट समेत बुक भैसकेको अवस्थामा अचानक उहाँको तबियत खराव भयो। ज्वरो आयो। दिल्ली जान सक्नु भएन। उहाँको रोग बढ्दै गएपछि असार २ गते उहाँलाई बी एण्ड बी अस्पतालमा भर्ना गरियो । जहाँ यही असार ७ गते मंगलवार उपचार गर्दा गर्दै दिनका १.४५ बजे उहाँको निधन भयो ।

वि.सं.२०१७ साल श्रावण १० गते सोमवार बाबु भाइ महर्जन र आमा धनमाया महर्जनको जेठा छोराको रुपमा जन्मनु भएको थियो । उहाँ बालककालदेखिनै संघर्षशील र जुझारु हुनुहुन्थ्यो। विद्यार्थीकालमा उहाँ अ. ने. रा. स्व. वि. युमा आवद्ध हुनुहुन्थ्यो। विद्यार्थी आन्दोलनकै क्रममा गिरफ्तारमा परेर ६ महिनासम्म भद्रगोलमा बन्दी जीवन बिताउनु भएको थियो । उहाँ बि.कम र बि.एड पास गरी पाँगा मा.वि.मा आवद्ध हुनुहुन्थ्यो । विगत ५ वर्षदेखि पाँगा मा.वि.मा लेखा अधिकृत पदमा कार्यरत हुनुहुन्थ्यो भने सिस्टेमेटिक सेभिंग एण्ड क्रेडित को.लि. को कोषाध्यक्ष पनि हुनुहुन्थ्यो ।

उहाँको ८७ वर्षकी आमा, श्रीमती गंगा महर्जन र छोरा जोश महर्जन हुनुहुन्छ।

उहाँको निधन प्रति गहिरो शोक तथा श्रद्धाञ्जली अर्पण गर्दै कीर्तिपुर सन्देश उहाँको आत्माको चीरशान्तिको कामना गर्दछ।

सामुदायिक विद्यालयको एस.एल.सी. रिजल्ट

विद्यालय	संख्या	विशिष्ट	प्रथम	दो	पास	फेल	प्रतिशत
१.जनसेवा	५४	७	१९	८	३४	२०	६२
२.मंगल	४८	४	४२	१	४७ (१जना स्थगित)		१००
३.आदिनाथ	२२	१	११	८	२०	२	९१
४ की.मा.वि	१२	१	५	४	१०	२	८३.३०
५ गोरखनाथ	६		६		६		१००
६.विश्व रा.मा.	८		४	४	८		१००
७.बालकुमारी	२९		११	१७	२८	१	९६.
८.टौदह उ.मा.	३४		२१	९	३०	४	८८.

संस्थागत विद्यालयको एस.एल.सी. रिजल्ट

विद्यालय	संख्या	वि	प्र	दो	पास	फे	प्रतिशत
१.पुष्प सदन	११४	५८	५६		११४		१००
२.क्रियटिभ	१८	१७	१		१८		१००
३.हिलटाउन	५७	२३	३३	१	५७		१००
४.राराहिल	५१	२३	२५	३	५१		१००
५.उज्ज्वल	४७	२२	२५		४७		१००
६.पांगा मा.वि	५७	१३	४३	१	५७		१००
७.साउथ भ्याली	३५	१४	२०	१	३५		१००
८.बाघ भैरव	२१	३	१८		२१		१००
९.शुभकामना	१८	१३	५		१८		१००
१०.मेगस	१६	७	९		१६		१००
११.कीर्ति सेकेण्डरी	१४		१४		१४		१००

हाम्रो संस्कृति हाम्रो पहिचान हो,
यसलाई संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।

एसएलसी परीक्षामा दक्षिण भेगिमा सर्वोत्कृष्ट अंक ९२.५० प्रतिशत ल्याएका यस विद्यालयका छात्रा शिरीष महर्जनलाई हार्दिक बधाई तथा उत्तरोतर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछ ।

साथै

यस विद्यालयबाट पास हुनु भएका निम्न विद्यार्थीहरूलाई पनि हार्दिक बधाई तथा शुभकामना

१. शिरीष महर्जन	७४०	२.प्रतीभा सुवेदी	७३५
३. मलीका महर्जन	७२०	४. सुषमा महर्जन	७१०
५.नविन थापा	७०६	६. सज्जा सिंह	७००
७.धिरज ढुंगाना	६९२	८. गृष्मा महर्जन	६८५
९.अनुष्का अधिकारी	६७९	१०. भुमिका महर्जन	६७८
११.अञ्जु गोले	६६७	१२. सैना महर्जन	६६६
१३.मारिया सापकोटा	६६५	१४. रोविस श्रेष्ठ	६६४
१५ अनिश महर्जन	६६३	१६. केबिन महर्जन	६६०
१७ ननिस महर्जन	६५७	१८. भोला काफ्ले	६५७
१९.अरिका लामा	६४७	२०. सद्धिच्छा महर्जन	६४७
२१ पुजा मगर	६४४	२२. सिमन महर्जन	६४३
२३. सेलिना नकर्मि		२४. विप्लव महर्जन	६३९
२५. सजिव महर्जन	६३७	२६. प्रज्ञान तण्डुकार	६३७
२७ रोमन महर्जन	६२४	२८. संजीव खनाल	६२१
२९.सबिना महर्जन	६१९	३०. सुदीप रिजाल	६१४
३१. संगीता खड्का	६१३	३२. आशिष महर्जन	६१२
३३.उत्तम महर्जन	६११	३४. डोमा शेर्पा	६०८
३५.एलेक्स महर्जन	६०६	३६. सरस्वती तामांग	६०४
३७.प्रनेस महर्जन	६०१	३८. वीष्णु घिमिरे	५९९
३९.प्रतीभा महर्जन	५९८	४०. सजना वस्नेत	५९३
४१ पासांग छिरिंग शेर्पा	५७८	४२. अलिसा महर्जन	५६४
४३. प्रिन्स वस्नेत	५००	४४. अल्का बस्नेत	४९७
४५. राजिव डंगोल	४९७	४६. प्रमोद महर्जन	४९५
४७ जेनिस रिजाल	४८१	४८. सजनी सुनुवार	
४९. मनीला महर्जन	४७८	५०. युवराज रसाइली	४३६
५१. सुजा महर्जन			

राराहिल मेमोरियल स्कूल

छुगाउँ, कीर्तिपुर, फोनः ४३३०१२१

कमलेश महर्जनलाई ललितकलातर्फ क्षेत्रीय पुरस्कार घोषणा

कीर्तिपुर सन्देश /

ऐतिहासिक नगरी कीर्तिपुरका सपुतहरू राजनैतिक आन्दोलनमा अग्रसर रहेर देशमा आमुल परिवर्तनको लागि जीवन उत्सर्ग गर्न मात्र तयार रहने होइन देश र आफ्नो पेशागत इज्जतको पनि नाम राख्न ज्यानको बाजी राखी विश्वको उच्च शिखर सगरमाथाको सफल आरोहण गर्नुहुने सन्तकुमार महर्जन पनि कीर्तिपुरे सपुत हुन भने हालसालै कीर्तिपुरकै कलाकर्मी कमलेश महर्जनले ललिता कला तर्फ मध्यमाञ्चल विकास क्षेत्र बाट ललित कला तर्फको क्षेत्रीय पुरस्कार जित्न सफल हुनु भएको छ ।

मध्यमञ्चाल क्षेत्र भनेको यस्तो क्षेत्र हुन जहाँ हरेक क्षेत्रका विशेषज्ञहरूको जमघट हुने स्थल हो । यस क्षेत्रमा धेरै कठिन प्रतिस्पर्धा हुन्छ । यस्तो कठिन प्रतिस्पर्धामा पनि उहाँले पुरस्कार जित्न सफल हुनु भएको छ ।

२०२२ साल श्रावण १६ गते की.न.पा. वडा नं १ थहाँबहाः टोलमा बाबु अष्टलाल महर्जन र आमा जुल्कु महर्जनको कोखबाट जन्मनु भएको थियो ।

उहाँले नेपाली संस्कृति तर्फ स्नातकोत्तर गर्नु भएको छ भने हाल ललितकला तर्फको स्नातकोत्तर अन्तिम वर्षमा अध्ययन गर्दै हुनुहुन्छ ।

उहाँले मूर्तिकला तर्फ आफ्नो शीपको प्रयोग ०५१सालमा मकवानपुर जिल्ला हेटौडा नगर पालिकाले वासामदीमा निर्माण गरि एको सहिद पार्कमा देशका सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूको स्मरणमा एउटा ठूलो ढुंगामा असंख्य चेहरा झल्कने आकृति बनाउने शिलामूर्तिमा उहाँले पनि योगदान गर्नु भएको थियो ।

हाल विभिन्न विद्या-लयहरूमा फाईन आर्ट सिकाउने काम गरिरहनु भएको छ । यसको अलावा उहाँले अहिलेसम्म नेपाल सरकारको कुनै अफिसमा रोगगार पाउनु भएको छैन ।

उहाँले कीर्तिपुरको विभिन्न संस्कृतिक महत्वका अभिलेख तयार गर्ने र त्यसलाई संरक्षण गर्ने काममा कीर्ति अध्ययन मण्डलका साथीहरू सँग मिलेर काम गरिरहनु भएको छ । उहाँको सफलताको लागि कीर्तिपुर सन्देश उहाँलाई बधाई ज्ञापन गर्दछ ।

गत शनिवार असार ४ गते सम्मन्न भएको नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उप शाखाको पाचौं साधारण सभामा सहभागी र आयोजकहरु

सन्त कुमारलाई नागरिक अभिनन्दन

विश्वको गौरव सगरमाथाको शिखर सफलतापूर्वक आरोहण गर्नु भै यस कीर्तिपुरको गौरवको प्रतीकको रुपमा स्थापित हुनु भएका कीर्तिपुर नगरपालिका वडा नं. ५ निवासी श्री सन्तकुमार महर्जनको गत असार ४ गते शनिवार कीर्तिपुरका वासिन्दाको तर्फबाट नागरिक अभिनन्दन तथा सम्मान गरियो ।

नागरिक अभिनन्दन मूल आयोजक समितिका अध्यक्ष प्रदीप महर्जनको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख अतिथी यस क्षेत्रका सांसद पुष्पकमल दाहाल आउने प्रचार गरिएको थियो । कार्यव्यस्तताको कारण उहा आउन नसकेपछि सभासद दिलीप महर्जनले नै प्रमुख अतिथीको आसन ग्रहण गर्नुभयो ।

यसभन्दा अगाडि कीर्तिपुर नगरपालिकाको विभिन्नस्थानमा पैदल यात्रा, मोटरसाइकल च्याली गरी कीर्तिपुरको १७ नं वडा तःगःवःपिमा च्याली समापन गरियो । सोही ठाउमा एक कार्यक्रम गरी सभासद दिलीप महर्जनज्यूले दोसल्ला ओढाई सम्मान पत्रबाट पनि सम्मानीत गर्नुभएको थियो ।

सन्तकुमारलाई कीर्तिपुरको विभिन्न स्थानमा स्थानीय बासीहरूले व्यक्तिगत तवरमा पनि नेवाः परम्पराबाट सगून दिएर सम्मान गरेका थिए । यसै अवधिमा समारोह स्थल तःगःवःपिमा कीर्तिपुरको नीलः सांस्कृतिक पुचःले मनमोहक नृत्य र बाजाको धून प्रस्तुत गर्नु भएको थियो । त्यस्तै भैरव बैण्ड कीर्तिपुरले पनि आफ्नो मनमोहक प्रस्तुति प्रस्तुत गर्नु भएको थियो । यस कार्यक्रमको कीर्तिपुर च्यानलले प्रत्यक्ष प्रसारण गर्नु भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर को पाचौं साधारण सभा सम्पन्न

कीर्तिपुर सन्देश /गत असार ४ गते कीर्तिपुरको हिलसाइड रि सोर्टको सभा हलमा नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उप शाखाको पाचौ साधारण सभा सम्पन्न भयो ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रिय सदस्य सुदर्शन नेपालको प्रमुख आतिथ्य र नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर उप शाखाका सभापति हर्षमान महर्जनको सभापतित्वमा पाचौं साधारण सभा सम्पन्न भयो ।

उक्त सभामा ने.रे.सोसाइटी कीर्तिपुर उपशाखाका सदस्यहरूको संख्याको बारेमा पनि जानकारी दिएको थियो । जस अनुसार आजीवन सदस्य १९९ जना र साधारण सदस्य ५४ रहेको छ ।

त्यस सभाले सोसाइटीको वार्षिक कार्यक्रम प्रगतिको समीक्षा गर्दै केही नयाू कार्यक्रमको पनि घोषणा गरिएको थियो । जस अनुसार पुरानो कार्यक्रमलाई निरन्तरता दिने र विकास कामको लागि वाह्य श्रोतबाट उपलब्ध गराउने प्रयास गर्ने जानकारी दिनुभयो ।

भुस्याहा कुकुरको परिवार नियोजन

कीर्तिपुर सन्देश

नगरपालिका र एनिमल नेपाल भन्ने गैर सरकारी संस्था मिलेर कीर्तिपुरमा पनि पोथी कुकुरहरूको वन्ध्याकरण गर्ने काम थालेका छन ।भुस्याहा कुकुरहरूको बिगबिगीले नगर वासीहरूले थुप्रै समस्या भोगिरहनु पर को अवस्थामा कीर्तिपुर नगर क्षेत्रका पोथी भुस्याहा कुकुरहरूलाई समातेर गाडीमा राखी चोभार एनिमल सेन्च-ुरीमा लगेर कुकुरहरूको स्वास्थ्य जाूच गरी उपचार गर्ने ।

पोथी कुकुरको बन्ध्याकरण गरी रेबिज विरुद्धको खोप दिन्छ । यसरी बन्ध्याकरण गरी सकेपछि बन्ध्याकर ण गरेका कुकुरको पहिचान गर्न कानको

केही भाग काटि घाटीमा रातो पट्टी लगाएर जहाूबाट लगेको हो त्यहिं ल्याएर छाडिदिन्छ ।

सामान्यतया एउटा पोथी कुकुर ले वर्षमा पाँच देखि आठ वटासम्म बच्चा जन्माउछन । यसरी बन्ध्याकर णबाट त्यसले बच्चा जन्माउन सकिदैन । कालान्तरमा त्यसको आयु सकेपछि मरेर जान्छ । यसरी भुस्याहा कुकुरको टोकाइबाट हुने रेबिज रोग कम हुनुका साथै सहर केही मात्रामा सफा हुने पनि अपेक्षा गर्न सकिन्छ ।

कीर्तिपुर नगरपालिका कार्यालयको

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :२०६७/०५/३०.....)

यस नगरपालिका कार्यालयको ईसुजु (Issuzu) जीप मर्मत गर्नको लागि ईच्छुक मर्मतकर्ताबाट चालु आर्थिक वर्षको लागि नविकरण भएको ईजाजत पत्र, कर चुक्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र व्यवसाय दर्ता प्रमाण पत्र समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दर भाउपत्र पेश गर्न हुन आव्हान गरिन्छ ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि व्यवसायी आफै वा अधिकृत प्रतिनिधी मार्फत फर्मको लेटरप्याडमा लेखी तोकेको प्रतिनिधी उपस्थित हुनु पर्नेछ । अन्य व्यक्तिलाई फार ाम उपलब्ध गराइने छैन ।

२) सिलबन्दी दरभाउपत्र निम्नानुसार मिति, समय र स्थानमा खरीद गरी दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

३) ताकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र फाराम बिक्री गर्ने र पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफुले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिर पट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ ।

५) सिलबन्दी दरभाउपत्र साथ कबुल गरेको अंकको २ दशमलव ५ प्रतिशतले हुने रकम अर्नेष्ट मनिका रुपमा नेपाल राष्ट्र बैक थापाथलीमा यस नगरपालिकाको धरौटी खाता नं. ३३०००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा घटीमा ९० दिन म्याद भएको बैंक जमानी पत्र संलग्न भएको हुनु पर्नेछ ।

६) दरभाउपत्र सम्बन्धी कगजपत्रको प्रत्येक पानामा दाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ ।

७) दरभाउपत्रदाताले मर्मत कार्यको दरभाउपत्रमा उल्लेखित कार्य विवरण (Bill of quantities) को प्रत्येक आइटमको दररेट भरी पेश गर्नुपर्नेछ ।

८) दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ ।

९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१०) अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

११) यस दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा विदाको दिन बाहेक कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

सि.नं.	कामको विवरण	सिलबन्दी दरभाउपत्र खरीद गर्ने अन्तिम मिति, समय र स्थान	पेश गर्ने मिति, समय र स्थान	खोल्ने मिति, समय र स्थान	दरभाउपत्र फाराम खरीद मूल्य
१.	क्ककगशग	सूचना प्रकाशित मितिले १५ औं दिन विदाको दिन बाहेक कीर्तिपुर नगर पालिका	१६ औं दिन,दिनको २:०० बजे सम्म कीर्तिपुर नगर पालिका कार्यालय	१६ औं दिन, दिनको ५:०० बजे कीर्तिपुर नगरपालिका कार्यालय	३००/–

सम्पर्क ४३३१६९३, ४३३१३८१ www.kirtipur.gov.np

नमो तस्सो भगवतो अर्हतो सम्मासम्बुद्धस

मदुम्ह भाइराम महर्जन

बुदिं : १९९२/१२/२३ मदुगु दिं : २०६७/५/१७

निर्वाण कामना

नगां ज्ञानमाला भजन खलःपाखें न्ह्याकाच्वंगु बृद्ध सेवा समितिया सल्लाकार बाबुराजा महर्जन व दुर्गादास महर्जनया अबु **भाइराम महर्जन** २०६७ भदौ १७ गते आकाझाकां मदुगुलिं वय्कःया आत्माया निर्वाण कामना यासें दुःखंकःपिं सकल छँजःपिन्सं धैर्यधारण याये फय्माः धकाः बिचाः हाय्का च्वना ।

विचाः हायेका

बुदिंः वि. सं. १९९८।१।१४ गते मदुगुः वि. सं. २०६७।५।२३ गते

थुगु गुथि पलिस्था यायेगु ज्याय् वि. सं ०१३ सालनिसें सक्रिय भूमिका म्हितादीम्ह थुगु गुथिया संचालक समितिया दुजः भाजु जगतबहादुर (भुयु) महर्जन वंगु ने. सं ११३० गुँलागा अमाइ बुधवाः खुन्हु (भाद्र २३ गते) आकाझाकां मदुगुलिं मदुम्हेसिया आत्मा सुखावति भुवनसं वास लायेमा धकाः कामनायासें दुखंकःपिं छेंजःपिन्सं नुगः चिइफयेमा धकाः विचाः हायेका च्वना ।

ईलोहं मचा साहित्यं थीथी सिरपाः लःल्हात

यँ, ज्वजलपा/ वंगु ज्रलाथ्व २ (भदौ २५ गते) सुक्रवाः जमलया चेम्बर भवनय् नेपालभाषाया "ईलोहं मचा लय्पौ" भिंछदँ क्यंगु लसताय् छगू ज्याभ्वः यानाः ईलोहं प्रकाशन गृह नं थीथी सिरपाः इन ।

नेपालभाषा मंकाः खलःया नायः पद्मरत्न तुलाधर मूपाहाँ जुयादीगु उगु ज्याभ्वलय् न्हूदँ समारोह समिति ११३० या नायः सभासद तीर्थराम डंगोल, नेपाल चेम्बर अफ कमर्शया नायः सुरेन्द्रवीर मालाकार पाहाँ कथं झायादीगु खः । ईलोहं प्रकाशनया प्रवन्ध निर्देशक व ईलोहं मचालय्पौया प्रकाशक नरेशवीर शाक्यया सभापतित्वय् जूगु उगु ज्याभ्वलय् मचा साहित्यया विकासया निंतिं नीस्वनातःगु "ईलोहं ज्ञानज्योति सिरपाः" थुगु दँय् नेपालभाषाया कवि नातिबज्र बज्राचार्ययात दोसल्लां न्ययेकाः सम्मान यासें लःल्हाःगु दु । अथेहे ईलोहं एल्भीस जोशी सिरपाः विजयरत्न असंबरे व नःलि प्रधान सिरपाः तिलक प्रकास कायस्थयात लःल्हाःगु ख । थुगु स्वंगू सिरपाया दां छसिकथं न्याद्वः, निद्वः अले न्हयद्वः व छतका खः ।

अथे हे ईलोहं मचालयपौलय् पिदंगु कृतियात बीगु ईलोहं साय्मि सिरपाः महांकाल मा.वि.या ब्वमिपिं युरिका शाक्य, रुबिना शाक्य, रजनि श्रेष्ठ व जगत सुन्दर ब्वनेकुथिया ब्वमि सचेत मानन्धरयात म्हतिं द्वछि/द्वछि दां मूपाहाँ नेपालभाषा मंकाः खलःया नायः पद्मरत्न तुलाधरजुं सिरपाः लःल्हानादिल । ईलोहं मचा लय्पौयात मदिक्क ग्वाहालि यानादीपिं पाटन फाइनान्स, उत्तम फर्निचर्स व समाजसेवी सुरबहादुर श्रेष्ठयात नं हनादीगु खः ।

ईलोहं मचा लय्पौया सम्पादक पुचःया दुजः सुरेश किरण मानन्धरं लसकुस न्वचू बियादीगु खः ।

उगु ज्याभ्वलय् र ञ्जना लिपिं दर्शनवीर शाक्यया सम्पादनय् पिदंगु "लुँ आखः" लय्पौ, भूषणप्रसाद श्रेष्ठया निगू सफूत "हाकनं छक्वः" व "खँ छता कने यःसा", नातिबज्रया "जि हेरा" नरेशवीर शाक्यया "विश्वया न्यापू मचाबाखं ब्व-७ सफूत विमोचन जुल ।

नातिबज्र बज्राचार्य व भूषणप्रसाद श्रेष्ठ नं थःगु नुगः खँ प्वंकाः दिल ।

लण्डनय् तःजिगु.....

अर्गनाइजेशन तदर्थ समितिया नायः दया शाक्य विश्वन्यंकया नेवाःतय् प्रतिनिधि जुयाः मू पाहां कथं झायादीगु खः ।

एनआरएन यूकेया नायः सूर्य गुरुङ, पासा पुचःया राष्ट्रिय संयोजक शिवजी श्रेष्ठ, आयोजक समितिया संयोजक कपिल श्रेष्ठ, रुपक श्रेष्ठ व पासा पुचः गुथि यूकेया नायः कृष्ण चखुंपिन्सं न्ववानादीगु उगु ज्याभ्वलय् कासामि शेरबहादुर सुनार लगायत थीथी ख्यलय् विशिष्ट उपलब्धि हासिल यानादीपिं नेवाः प्रतिभापिं श्रृंखला ताम्राकार, रिष्ता श्रेष्ठ, गायत्री श्रेष्ठ व डा.पवित्रा शाक्ययात सम्मान नं याःगु खः ।

ज्याभ्वलय् विवेक श्रेष्ठ, मनिष श्रेष्ठ, ऋचा घिमिरे लगायतया कलाकार पुचलं सांस्कृतिक ज्याभ्वः न्हयब्वःगु खःसा उकिइ ख्वपया ख्वाःपा प्याखं नं दुथ्याःगु खः ।

नीलः सांस्कृति .....

वंगु भदौ १२ गते नीलः नं किपुली प्यंगु थासय् थःपिनिगु सांस्कृतिक ब्वज्या यात । अथेहे भदौ १६ गते पांगाय् नं प्यथाय् सांस्कृतिक ब्वज्या क्यनेत ताःलात । नीलःया सांस्कृतिक ब्वज्यायात स्वकूमितसें तसकं यःकल । गन गन ज्याभ्वःयात अन अन मनूतसें नेवाः परंपराकथं केपु (जाकि व दां) तया तसकं सम्मान यात । थथे केपु ब्यूगु जाकि व दां यानाः निन्हूया दुने २७ द्व दाँ मुनेत ताःलात ।

लाखेया ख्वाःपा, वसः व मेगु बाजा छता निता यानाः २२ द्व दां खर्च जुइधुंकूगु व ल्यं दनिगु न्याद्वः दांमाय् नं छुं छुं ब्वः समाजसेवाय् तयेगु खँ नायः तेजमान बज्राचार्य कनाःदिल । थुगु कथं नीलः सांस्कृतिक पुचः नं ८९ थासय् थःपिनिगु ज्याभ्वः यानादीधुंकल ।

छुं नं खलः पुचःत आर्थिक रुपं सक्षम जुइमाः । मजुल धाःसा वया आयु तःहाकः जुइमखु । प्वंगु प्वाथं न्हयाबलें सुनानं बाजा थाय् फइमखु, प्याखँ हुयाच्वने फइमखु । उकिं नीलः सांस्कृतिक पुचः आः याकनं हे व्यावसायिक रुपय् वनेत्यंगु दु । थीथी फाइव स्टार होटलं नं विदेशीतय्त नेवाः सांस्कृतिक ज्याभ्वः क्यनेगु निंतिं इनाप वयाच्वंगु व उकीया निंतिं भैरव, चर्या, त्तप्पा नृत्य, तामांगसेलो व लाखे प्याखं तयारी यानाच्वनागु खँ नायः तेजमान बज्राचार्यजुं कनाःदिल ।

अथेहे मोहनीया इलय् क्यनेत पाँगा, किपू, नगां पाखें नं हानं हानं इनाप यानाच्वंगु दु । मोहनीया इलय् नं थ्व सांस्कृतिक ज्याभ्वः जुइ धकाः जानकारी बियादिल ।

नेवाः देय दबूया.....

नेवाः देय् दबूया संरक्षकपिं लक्ष्मण राजवंशी व मल्ल के सुन्दरनापं नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिया नायः दिलबहादुर श्रेष्ठ नं थःगु नुगः खँ प्वंकेगु भ्वलय् नेवाः देय् दबू थःगु लक्ष्य थ्यंके फय्मा धकाः भिन्तुना विल ।

उगु ज्याभ्वलय् नेपालभाषा कयाः एसएलसी -२०६६ लय् पासजूपिं स्वम्ह, पुचः ब्वाज्याय् न्हाप, ल्यू, लियांल्यू लापिं अले थीथी जातीय संस्थाया नायःपिन्त नं हंगु खः ।

देय् दबूया यँ जिल्ला समितिया नायः न्हुच्छेकाजी महर्जनं सुभाय् देछानादिल ।

नेपाल जेसिजया क्षेत्र सि या.....

कीर्तिपुर जेसिजया सभापति जेसि विनोद महर्जनया सभापतित्वय् न्हयाःगु उगु ज्याभ्वलय् सम्मेलन डाइरक्टर किपू जेसिजया पुलांम्ह सभापति जेसि कृष्णमान डंगोलं सम्मेलनया बारे जानकारी बिया दिल । जेसि हर्षमान महर्जनं न्हयाकादीगु उगु

ज्याभ्वलय् मूपाहाँ उर्जामन्त्री प्रकाशशर

ण महतं जेसिजया थुगु नारा तसकं सान्दर्भिक जू । थौंकन्हय् हरेक मनूया महत्वाकांक्षा अप्वया वनांच्वंगु दु । थःगु आज्जु पूवंकेगु लागि अनुशासन व धैर्यता माः । याकनं न्हूगु संविधान दयेकाः विधिया नियमय् च्वनेमाः । थथे जुल धाःसातिनि हत्या हिंसा बन्द जुयाः देसय् शान्ति वलकि तिनि देसं विकासया लँय् वनेफइ । थ्व जिम्मेवारी युवातय्गु बोहलय् वःगु दु धयादिल ।

उगु ज्याभ्वलय् किपू जेसिजया सभापति जेसि विनोद महर्जनं मूपाहाँयात मतिना चिं लःल्हानादिल ।

च्वमि पुचः किपूपाखें किपू टेलिभिजनय् न्हयाका वयाच्वनागु "साहित्य दबू" यात छिकपिंसं थःथःगु पसः, स्कूल, संघसंस्थापाखें विज्ञापन बिया ग्वहाली यानाः दिइफइ ।

स्वापू : साहित्य दबू
च्वमि पुचः किपू

मोः ९८४१५३३७३९,
९८०३०२८५९७ व
९७४१०२८७६२

नगां ज्ञानमाला भजन खलःया भिंनिदँ बुदिं

किपू, ज्वजलपा / नगां ज्ञानमाला भजन खलः नगांया भिंनिदँ बुदिं ज्रलाथ्व एकादशि (असोज २ गते) सनिवाः छगू ज्याभ्वः यानाः न्यायेकीगु जूगु दु । उगु ज्याभ्वः न्हिनसिया छताः इलय् नगामय् जुइ । उगु ज्याभ्वलय् भजन खलः नं न्हयाकाच्वंगु बृद्ध सेवा समितियात विशेषकथं ग्वाहालि यानादीपिन्त हनापौ बियाः सम्मान याइगु ज्याभ्वः दुगु खँ बृद्धा सेवा समिया नगांया नायः हिरा डंगोलं जानकारी बिया दिल ।

नगां ज्ञानमाला भजन खलःया दुजःपिंत दुजः नविकरण यानादीत नं हिरा डंगोलं इनाप यानादिल ।

झीगु भाय्, झीगु संस्कृतियात म्वाकातये